आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम(पश्चिम)
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४८५८३१३८
९८४८११२८१७

Website:
www.aathbiskotmun.gov.np

पत्रसंख्या: २०७९/०८० (रोजगार सेवा केन्द्र)
चलानी नम्बर : १४८० .........

मितिः २०७९/१२/२९

श्री, सरोकारवाल (सबै),
आठविसकोट नगरपालिका रुकुम (पश्चिम) ।

विषय : व्यक्तिगत श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा बैदेशिक रोजगार ऐन, २०६४ तथा बैदेशिक रोजगार नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार बैदेशिक रोजगारीमा जाने हरेक नेपाली नागरिकले अनिवार्य श्रम स्वीकृति लिनु पर्ने व्यवस्था रहेको छ। यसै क्रममा बैदेशिक रोजगार विभागको **FEIMS** मा अनलाईन आवेदन गरी श्रमिकले श्रम स्वीकृति प्राप्त गर्न सक्ने रहिआएकोमा अधिकांश श्रमिकले अनलाईन आवेदन अन्य अनाधिकृत व्यक्ति वा सेवाप्रदायक संस्था मार्फत गर्दा श्रमिकको सम्पूर्ण विवरण प्रविष्ट नहुने, सेवावापत धेरै रकम तिर्न बाध्य हुनुपर्ने र विभिन्न बाहाना बनाई श्रमिकलाई दुःख हैरानी दिने कार्य हुन सक्ने अवस्थालाई मध्यनजर गरी बैदेशिक रोजगारीलाई थप व्यवस्थित, मर्यादित एवं भरपर्दो बनाई स्थानीय तहसम्म पहुँच अभिबृद्धि गर्दै बैदेशिक रोजगारीमा जाने श्रमिक तथा कामदारको व्यक्तिगत श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिको अनलाईन आवेदन कार्य एवं बैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाहा कार्यको जिम्मेवारी मिति २०७९/१२/१६ गतेको नेपाल सरकार (सम्माननीय प्रधानमन्त्री तथा श्रम रोजगार तथा सामजिक सुरक्षा मन्त्रालय) मन्त्री स्तरीय निर्णय अनुसार स्थानीय तहको रोजगार सेवा केन्द्रलाई तोकिए बमोजिम मिति २०८० बैशाख १ गते देखी यस आठविसकोट नगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तर्गत रहेको रोजगार सेवा केन्द्र मार्फत उल्लेखित सेवा लिनुहुन सम्बन्धित सरोकारवाला सबैलाई सूचित गराईन्छ ।

..............................
मणि राज शाह
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री वडा कार्यालयहरु सबै, आठविसकोट नगरपालिका, रुकुम (पश्चिम) (आवश्यक जानकारी गराउनुहुन।)